**नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेड**

(नेपाल सरकारको पूर्ण स्वामित्व भएको)

## आन्तरिक, खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाद्वारा हुने पदपूर्ति सम्बन्धी दरखास्त आह्वान गरिएको सूचना

## प्रथम पटक प्रकाशित मितिः २०८१/०७/०९

लोकसेवा आयोगबाट सहमति प्राप्त भएबमोजिम यस कम्पनीमा रिक्त रहेका निम्न पदहरूमा आन्तरिक, खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाद्वारा स्थायी पदपूर्ति गर्नुपर्ने भएकोले अनलाइन दरखास्त आह्वान गरिन्छ । तोकिएको योग्यता पुगेका उम्मेदवारहरूले कम्पनीको अनलाइन दरखास्त प्रणाली **vacancy.nepaltransit.com** मार्फत आवश्यक विवरण भरी उक्त प्रणालीमा रहेको अनलाइन भुक्तानी प्रणालीमार्फत सम्बन्धित पदका लागि तोकिए बमोजिमको दरखास्त दस्तुर भुक्तानी गरी यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिनभित्र पेश गर्नुपर्ने छ । रीत नपुगेका र म्याद नाघी आएको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा समेत सूचित गरिन्छ ।

| विज्ञापन नं. | पद | तह | सेवा | समूह | माग संख्या | आ.प्र.,खुला तथा समावेशी | आवश्यक न्यूनतम योग्यता |
|---|---|---|---|---|---|---|---|
| ०१/२०८१/८२ | सहप्रबन्धक | ९ | प्रशासन | प्रशासन | १ | आ.प्र.-१ | कम्पनीको कर्मचारी (सेवा, शर्त तथा सुविधा) विनियमावली, २०७२ (दोस्रो संशोधन) को विनियम ३८ बमोजिम योग्यता पुगेको । |
| ०२/२०८१/८२ | सहप्रबन्धक | ९ | प्रशासन | प्रशासन | १ | खुला-१ | मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातकोत्तर तह उत्तीर्ण गरेको र कुनै सरकारी सेवा वा प्रचलित कानून बमोजिम दर्ता भएको संगठित संस्था वा अन्तर्राष्ट्रिय संघ संस्थाको अधिकृतस्तरको पदमा पाँच वर्षको कार्य अनुभव प्राप्त गरेको । |
| ०३/२०८१/८२ | उप प्रबन्धक | ८ | प्रशासन | प्रशासन | १ | खुला-१ | |
| ०४/२०८१/८२ | उप प्रबन्धक | ८ | प्रशासन | लेखा | १ | आ.प्र.-१ | कम्पनीको कर्मचारी (सेवा, शर्त तथा सुविधा) विनियमावली, २०७२ (दोस्रो संशोधन) को विनियम ३८ बमोजिम योग्यता पुगेको । |
| ०५/२०८१/८२ | सहायक प्रबन्धक | ७ | प्रशासन | प्रशासन | १ | आ.प्र.-१ | |
| ०६/२०८१/८२ | सहायक प्रबन्धक | ७ | प्रशासन | लेखा | १ | आ.प्र.-१ | |
| ०७/२०८१/८२ | सहायक प्रबन्धक | ७ | प्रशासन | कानुन | १ | महिला-१ | मान्यता प्राप्त शिक्षण संस्थाबाट कानुन विषय लिई स्नातक तह वा सो सरह उत्तीर्ण । |
| ०८/२०८१/८२ | शाखा अधिकृत | ६ | प्रशासन | प्रशासन | १ | आ.प्र.-१ | कम्पनीको कर्मचारी (सेवा, शर्त तथा सुविधा) विनियमावली, २०७२ (दोस्रो संशोधन) को विनियम ३८ बमोजिम योग्यता पुगेको । |
| ०९/२०८१/८२ | शाखा अधिकृत | ६ | प्रशासन | प्रशासन | २ | खुला-१<br>मधेशी-१ | मान्यताप्राप्त शिक्षण संस्थाबाट कुनै पनि विषय लिई स्नातक तह वा सो सरह उत्तीर्ण । |
| १०/२०८१/८२ | शाखा अधिकृत | ६ | प्रशासन | लेखा | २ | खुला-२ | मान्यताप्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन वा वाणिज्य शास्त्रमा स्नातक तह वा अर्थशास्त्र र गणितमध्ये कुनै एक मूल विषय लिई स्नातक तह वा सो सरह उत्तीर्ण । |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ११/२०८१/८२ | वरिष्ठ सहायक | ५ | प्रशासन | लेखा | २ | खुला-१ | मान्यताप्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन वा वाणिज्य शास्त्रमा प्रविणता प्रमाणपत्र तह वा अर्थशास्त्र, गणित वा तथ्याङ्कशास्त्र वा जनप्रशासन मध्ये कुनै एक मूल विषय लिई प्रविणता प्रमाणपत्र तह सो सरह उत्तीर्ण । |
| | | | | | | आ.ज.-१ | |
| १२/२०८१/८२ | कम्प्युटर सहायक | ५ | प्राविधिक | प्राविधिक | १ | खुला-१ | मान्यताप्राप्त शिक्षण संस्थाबाट कम्प्युटर विषय लिई प्रविणता प्रमाणपत्र तह उत्तीर्ण वा उच्च माध्यमिक तह वा सो सरह उत्तीर्ण गरी कम्प्युटर सम्बन्धी कम्तिमा ६ महिनाको तालिम प्राप्त गरेको । |

<u>विज्ञापन सम्बन्धी विशेष सूचनाः</u> सम्मानित सर्वोच्च अदालतबाट रिट नं. ०७८-WO-०६६० समेतको उत्प्रेषण सम्बन्धी निवेदनमा मिति २०७९/१०/२४ मा भएको परमादेशको आदेश बमोजिम कानूनी व्यवस्था भए पश्चात् सोही बमोजिम गरिनेछ ।

<u>द्रष्टव्यः</u>

१. **परीक्षाको किसिम** : परीक्षाको किसिम तथा अङ्कभार पाठ्यक्रममा उल्लेख भएबमोजिम हुनेछ ।

२. **परीक्षा केन्द्र** : काठमाडौं उपत्यकामा रहनेछ । सबै पदहरूको लिखित परीक्षा लोकसेवा आयोगबाट सञ्चालन हुनेछ । लिखित परीक्षाको कार्यक्रम लोकसेवा आयोगबाट समय निर्धारण भए पश्चात प्रकाशन गरिनेछ ।

३. **दरखास्त दस्तुर** : दरखास्त दिने उमेदवारका लागि परीक्षा दस्तुर तह ९ र ८ का लागि रु. १५००/-, तह ७ र ६ का लागि रु. १२००/-, तह ५ का लागि रु. ७००/- रहेको छ तर एउटै पदका लागि थप समावेशी समूहमा दरखास्त दिने भएमा प्रति समावेशी समूह तह ६ का लागि रु ४००/- र तह ५ का लागि रु ३००/- थप परीक्षा दस्तुर रकम कायम गरिएको छ । दरखास्त दस्तुर अनलाइन दरखास्त प्रणाली मार्फत बुझाउनु पर्नेछ ।

४. **अनलाइन दरखास्त पेश गर्ने अन्तिम मिति** : २०८१/०७/२९ गतेसम्म । दोब्बर दस्तुर तिरी २०८१/०८/०६ गतेसम्म अनलाइन दरखास्त पेश गर्न सकिनेछ । दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, तालिम, समावेशी समूह खुल्ने प्रमाणपत्र तथा अनुभव प्रयोजनका लागि गणना गरिने छैन ।

५. **उमेरको हद** : खुला तथा समावेशी उम्मेदवारको हकमा तह ९ र ८ का लागि २१ वर्ष पूरा भई ४० वर्ष ननाघेको, तह ६ र ७ को लागि २१ वर्ष पूरा भई ३५ वर्ष ननाघेको, तह ५ को लागि १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको तर अपाङ्ग तथा महिला उम्मेदवारको हकमा ४० वर्ष ननाघेको हुनुपर्नेछ । कम्पनीका वहालवाला कर्मचारीको हकमा उमेरको हद लाग्ने छैन ।

६. **अनुभव आवश्यक पर्ने पदमा दरखास्त दिन चाहने उम्मेदवारहरूका लागि थप कागजातः** (क) सार्वजनिक निकायमा रही अधिकृतस्तरमा काम गरेको अनुभव सम्बन्धमा त्यस्तो पदको नियुक्ति पत्र वा करारनामा र सेवा अवधि प्रमाणित गरिएको सम्बन्धित निकायको पत्र,

(ख) खण्ड (क) वाहेकका प्रचलित कानून बमोजिम दर्ता भएका संस्थाको अनुभव पेश गरेमा नियुक्तिपत्र वा करारनामा र सेवा प्रमाणित गरिएको सम्बन्धित संस्थाको पत्रका अतिरिक्त त्यस्तो निकायमा अधिकृतस्तरका कर्मचारी भर्नाको प्रकृया, योग्यता, संगठन संरचना लगायत कर्मचारीको सेवाका शर्त समेतका विषय समावेश गरिएको नियम वा विनियम वा निर्देशिका वा कार्यविधिमा भएको व्यवस्था बमोजिम अधिकृतस्तरमा भर्ना भएको यकिन हुने अनुभवलाई मात्र मान्यता दिइने भएकाले सो सम्बन्धी कागजात ।

(ग) विद्यावारिधिस्तरको उपाधि प्राप्त गरेको व्यक्तिको हकमा अनुभव अवधि २ वर्षले कम भए पनि योग्य मानिने हुँदा त्यस्तो उपाधिको प्रमाणपत्र ।

७. **पदमा रही गर्नुपर्ने कामको विवरण** : कम्पनीको "कर्मचारी (सेवा, शर्त तथा सुविधा) विनियमावली, २०७२ (दोस्रो संशोधन २०७९) र सम्बन्धित सेवा समूहमा तोके बमोजिम हुनेछ ।

८. **तलबभत्ता तथा अन्य सुविधा** : कम्पनीको "कर्मचारी (सेवा, शर्त तथा सुविधा) विनियमावली, २०७२ (दोस्रो संशोधन) २०७९" बमोजिम हुनेछ ।

९. **समावेशी समूहतर्फ दरखास्त दिने उम्मेदवारहरूको लागि आवश्यक पर्ने थप कागजातहरूः (क) आदिवासी जनजातीका हकमाः** नेपाल आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर नेपाल आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिभित्र एक भन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जातिभित्रको थर भनी प्रमाणित गराएको कागजात । **(ख) मधेशीका हकमाः** नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेशी भनी प्रमाणित गरेको कागजात, तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेशी भनी प्रमाणित गराएको कागजात ।

१०. उपर्युक्त अनुसार निर्धारित म्यादभित्र दाखिला नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको वा रीतपूर्वक प्राप्त नभएको दरखास्त स्वीकृत गरिने छैन । कुनै पनि चरणमा दरखास्त रद्द गर्ने अधिकार पदपूर्ति समितिमा रहनेछ ।

११. दरखास्त दिने अन्तिम मितिभित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनुपर्नेछ । विदेशी संस्थामा अध्ययन गरेका उमेदवारहरूले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनुपर्नेछ ।

१२. प्रत्येक सेवा अन्तर्गत आन्तरिक प्रतियोगितात्मक परीक्षा र खुला तथा समावेशी प्रतियोगिताका आधारमा लिइने परीक्षाहरू संयुक्त रूपमा एकै पटक लिइने छ ।

१३. सबै चरणको परीक्षा पश्चात् सिफारिसको लागि सफल भएका उम्मेदवारको योग्यताक्रम अनुसार माग भएका पदसंख्यामा नियुक्तिका लागि सिफारिश गरिनेछ ।

१४. यस सूचनामा उल्लेख नभएका विषयहरूको हकमा कम्पनीको "कर्मचारी (सेवा, शर्त तथा सुविधा) विनियमावली, २०७२ (संशोधन सहित)" र अन्य प्रचलित कानून बमोजिम हुनेछ ।

१५. पदपूर्ति सम्बन्धी सूचना र पाठ्यक्रम कम्पनीको वेवसाइट www.nepaltransit.com बाट डाउनलोड गर्न सकिनेछ । साथै थप जानकारीको लागि कम्पनीको केन्द्रीय कार्यालय बालुवाटार, काठमाडौंको फोन नं. ०१-४५३८२४७ मा सम्पर्क गर्न सकिनेछ ।

**सदस्य सचिव**

**पदपूर्ति समिति**

**नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेड**
(नेपाल सरकारको पूर्ण स्वामित्व भएको)

**कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवा सम्बन्धी दरखास्त आह्वान गरिएको सूचना**
प्रथम पटक प्रकाशित मितिः २०८१/०७/०९

लोकसेवा आयोगबाट सहमति प्राप्त भएबमोजिम यस कम्पनीमा रिक्त रहेका निम्न पदहरूमा कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने वढुवाद्वारा पदपूर्ति गर्नुपर्ने भएकोले यस कम्पनीमा कार्यरत कर्मचारीहरू मध्ये कम्पनीको "कर्मचारी (सेवा, शर्त तथा सुविधा) विनियमावली, २०७२ (दोस्रो संशोधन) २०७९" को दफा ३८ (१) र (२) बमोजिम योग्यता पुगेका सम्भाव्य उम्मेदवारहरूले तोकिए बमोजिमको फाराम भरी नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेडको प्रधान कार्यालय बालुवाटार, काठमाण्डौमा प्रथम पटक सूचना प्रकाशन भएको मितिले २१ (एक्काइस) दिनभित्र रीतपूर्वक दरखास्त फाराम बुझाउनुहुन यो सूचना प्रकाशन गरिएको छ ।

| बढुवा सूचना नं. | पद | तह | सेवा | समूह | पदसंख्या | दरखास्त दस्तुर रू. |
|---|---|---|---|---|---|---|
| १०१/२०८१/८२ | प्रबन्धक | १० | प्रशासन | प्रशासन | २ | १५०० |
| १०२/२०८१/८२ | सहप्रबन्धक | ९ | प्रशासन | प्रशासन | १ | १५०० |
| १०३/२०८१/८२ | सहप्रबन्धक | ९ | प्रशासन | लेखा | १ | १५०० |
| १०४/२०८१/८२ | उप प्रबन्धक | ८ | प्रशासन | प्रशासन | २ | १५०० |
| १०५/२०८१/८२ | सहायक प्रबन्धक | ७ | प्रशासन | प्रशासन | ३ | १२०० |

**द्रष्टव्य**

१. कम्पनीको नाममा कृषि विकास बैंक, मैतिदेवी शाखामा रहेको बैंक खाता नं. ०२-११३-०१००१९८७-०१-८ मा दरखास्त दस्तुर बुझाएको सक्कलै भौचर दरखास्त फारामसँगै पेश गर्नुपर्ने छ ।

२. दरखास्त फाराम कम्पनीको वेभ साइटबाट डाउनलोड गरी आवश्यक विवरण भरी कम्पनीको केन्द्रीय कार्यालय बालुवाटार, काठमाडौंमा बुझाउनुपर्नेछ । दरखास्त फाराममा कर्मचारी संकेत नम्बर, बढुवा सूचना नम्बर, सेवा, समूह, पद, तह र उम्मेदवारको नाम, थर लेखी उम्मेदवार स्वयंले प्रमाणित गरी तोकिएका प्रमाणपत्रहरूका प्रतिलिपीहरू नत्थी गरी बुझाउनुपर्नेछ ।

३. यस सूचनामा उल्लेख नभएका विषयहरूको हकमा कम्पनीको "कर्मचारी (सेवा, शर्त तथा सुविधा) विनियमावली, २०७२ (संशोधन सहित)" र अन्य प्रचलित कानून बमोजिम हुनेछ ।

**पदपूर्ति समिति**